# बैठक नं २१

मितिः २०७७।१२।२९ गते आईतबार, उच्च सरकारी वकील कार्यालय, सुर्खेतको कार्यालय सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री दमनसिंह विष्ट, सह-न्यायाधिवक्ता
श्री नगेन्द्र लम्साल, उप-न्यायाधिवक्ता
श्री पुष्पा चालिसे, नायव सुब्बा
श्री रेशमबहादुर सिजाली मगर, कम्प्युटर अपरेटर
श्री कमल सुनार, नायव सुब्बा
श्री कुशल न्यौपाने, नायव सुब्बा
श्री जयराम भूसाल, नायव सुब्बा
श्री धनसरा सोमै, खरिदार
श्री गणेशप्रसाद चपाई, सहायक कम्प्युटर अपरेटर
श्री पूर्णप्रसाद तिवारी, कार्यालय सहयोगी
श्री राजन खड्का, हलुका सवारी चालक
श्री हंसबहादुर थापा, कार्यालय सहयोगी
श्री देवीकुमारी चपाई, कार्यालय सहयोगी

**जिल्ला सरकारी वकील कार्यालय, सुर्खेतका कर्मचारीहरू**

श्री केदारनाथ उपाध्याय, जिल्ला न्यायाधिवक्ता
श्री चन्द्रबहादुर खत्री, सहायक जिल्ला न्यायाधिवक्ता
श्री गोविन्दबहादुर बस्नेत, नायव सुब्बा

**छलफलका विषयहरू**

१) अभियोजन सुधार वर्ष अन्तर्गत अनुसन्धान अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।
२) अनुसन्धान अधिकृत र सरकारी वकील बीच बैठक आयोजना गर्ने सम्बन्धमा ।
३) समन्वय समितिको बैठक सम्बन्धमा ।
४) वार्षिक कार्ययोजना अन्तर्गतका कार्यक्रमहरू आयोजना गर्ने सम्बन्धमा ।
५) नमूना सरकारी वकील कार्यालयबाट गर्नुपर्ने काम कारबाही सम्बन्धमा ।
६) सेवाग्राही वडा पत्र, मुद्दाको विवरण जानकारी दिने बोर्ड, सूचना पाटी र गुनासो पेटिका कार्यालयमा राख्ने सम्बन्धमा ।
७) हेलो साक्षी कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा ।

८)  जिन्सी सामग्री विवरण व्यवस्थित रूपमा राख्ने सम्बन्धमा ।

निर्णय नं १)  वुँदा नं १ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको २०७७ साउन ८ गते बसेको बैठकले आ.व. ०७७।०७८ लाई अभियोजन सुधार वर्ष २०७७ घोषणा गरी कार्यान्वयनमा रहेकोमा ती वुँदाहरूको कार्यान्वयन यस कार्यालय र मातहत कार्यालयबाट प्रभावकारी रूपमा गर्न लगाउने । अभियोजन सुधार वर्ष अन्तर्गत महान्यायाधिवक्ताको कार्यालयबाट र यस कार्यालयबाट जारी निर्देशन, परिपत्र र निर्णयहरूको कार्यान्वयन प्रभावकारी रूपमा यस कार्यालय र मातहत कार्यालयहरूले गर्ने । अभियोजन सुधार वर्ष अन्तर्गत महान्यायाधिवक्ताको कार्यालयबाट जारी महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ बारे जानकारी दिन, अनुसन्धान र अभियोजनमा देखिएका समस्याका बारेमा कोभिड महामारीको स्वास्थ्य सुरक्षा सर्तकता अपनाई यस कार्यालय र मातहत सरकारी वकील कार्यालयहरूले अनुसन्धान अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी प्रतिवेदन उच्च सरकारी वकील कार्यालय, सुर्खेत र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

निर्णय नं २) वुँदा नं २ का सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजनाले समेत निर्दिष्ट गरेको वार्षिक कार्ययोजनामा समेत समावेश गर्नुपर्ने भनी उल्लेख भएको अनुसन्धान अधिकृत र सरकारी वकीलबीच मातहत कार्यालयहरूले मासिक रूपमा बैठक गरी सो को निर्णयको प्रतिलिपी उच्च सरकारी वकील कार्यालय सुर्खेतमा पठाउने । अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन र अभियोजन र अनुसन्धान सम्बन्धमा देखिएका समस्याहरूका सम्बन्धमा छलफल गरी अभियोजन सुधारमा प्रभावकारिता ल्याउने ।

निर्णय नं ३) वुँदा नं ३ का सम्बन्धमा छलफल गर्दा मातहत कार्यालयहरूले अभियोजन सुधार सम्बन्धमा गर्नुपर्ने क्रियाकलापहरू प्रभावकारी बनाउन समन्वय समितिको बैठकमा छलफल गरी निर्णयको प्रतिलिपी उच्च सरकारी वकील कार्यालय, सुर्खेत र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने । यस चालु आ.व. मा मातहत कार्यालयहरूको समन्वय समितिको बैठक बसी छलफल भएका निर्णयका प्रतिलिपीहरू उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा पठाउने । मातहत कार्यालयहरूको समन्वय समितिको बैठकमा भएका निर्णयहरूको सम्बन्धमा उच्च सरकारी वकील कार्यालय, तहको समन्वय समितिमा छलफल हुने भएकाले हरेक समन्वय समितिको बैठकको निर्णयको प्रतिलिपी अनिवार्य रूपमा उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा पठाउने ।

निर्णय नं ४) वुँदा नं ४ का सम्बन्धमा छलफल गर्दा वार्षिक कार्ययोजना अन्तर्गत समुदायस्तरमा र सरोवालाहरूसँग गर्नुपर्ने अन्तरक्रिया कार्यक्रमहरू मातहत कार्यालय र यस कार्यालयले कोभिड महामारीको स्वास्थ्य सुरक्षा सर्तकता अपनाई स्वास्थ्य सुरक्षाको जोखिमको मूल्यांकन गरी आयोजना गर्ने । कार्यक्रमको प्रतिवेदनहरू अनिवार्य रूपमा उच्च सरकारी वकील कार्यालय, सुर्खेत र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

निर्णय नं ५) वुँदा नं ५ का सम्बन्धमा छलफल गर्दा नमूना सरकारी वकील कार्यालयबाट सम्पादन गर्नुपर्ने कामहरूका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट तयार गरिएको विवरणहरू नमूना सरकारी वकील कार्यालयको रूपमा कामकाज गर्ने गरी घोषणा भएको जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत र अन्य मातहत कार्यालयबाट समेत प्रभावकारी रूपमा सम्पादन गर्ने । यस कार्यालयबाट मातहत कार्यालयको अनुगमनको क्रममा नमूना सरकारी वकील कार्यालयबाट सम्पादन गर्नुपर्ने काम कारबाहीहरू प्रभावकारी भए नभएको अनुगमन गरिने छ ।

निर्णय नं ६) वुँदा नं ६ का सम्बन्धमा छलफल गर्दा मातहत कार्यालयहरूले अनिवार्य रूपमा कार्यालय परिसरमा सबैले देख्ने स्थानमा सेवाग्राही वडापत्र, कार्यालय प्रमुखको कक्षमा मुद्दाको विवरण जानकारी दिने बोर्ड, कार्यालय परिसर भित्र सबैले देख्ने स्थानमा सूचना पाटी र गुनासो पेटिका कार्यालयमा राख्ने ।

निर्णय नं ७) वुँदा नं ७ का सम्बन्धमा छलफल गर्दा मातहत कार्यालयहरूले महान्यायाधिवक्ताको कार्यालयद्वारा हेलो साक्षी कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा जारी वुँदाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

निर्णय नं ८) वुँदा नं ८ का सम्बन्धमा छलफल गर्दा मातहत कार्यालयहरूले जिन्सी विवरण व्यवस्थित गर्न कार्यालयको खर्च नभएर जाने जिन्सी सामग्रीहरूको विवरण अद्यावधिक राख्ने, प्रत्येक कोठामा खर्च नभएर जाने जिन्सी सामग्रीहरूको विवरण टाँस्ने, खर्च नभएर जाने सामग्रीहरूमा जिन्सी खाता नम्बर उल्लेख गर्ने, अर्ध वार्षिक रूपमा जिन्सी निरीक्षण गर्ने र आर्थिक वर्षको अन्त्य भएपछि तयार गरिने जिन्सी निरीक्षण प्रतिवेदन अनिवार्य रूपमा उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा पठाउने ।